बागमती प्रदेश सरकार

# सहकारी तथा गरिबी निवारण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः ०८२।८३
चलानी नम्बरः ९८९

मिति २०८२/०५/१७
ने.सं- ११४५

विषय : सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेशको नियमन क्षेत्रभित्र रहेका सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन-२०८२

श्री सरोकारवाला सबै।

सहकारी सम्बद्ध सङ्घीय कानुन र मापदण्डमा आएको परिमार्जन एवम् संशोधन अनुरूप सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्न आवश्यक देखिएकोले यस मन्त्रालयको मिति २०८२/०५/११ को निर्णयानुसार "सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेशको नियमन क्षेत्रभित्र रहेका सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन-२०८२" सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०८२/०५/१६

..........................
(प्रदिप राज पौडेल)
महाशाखा प्रमुख/रजिष्ट्रार
सहकारी तथा गरिबी निवारण महाशाखा

प्रदिप राज पौडेल
रजिष्ट्रार

फोन नं. ०५७-५९१०७१, ०५७-५९१०७०
ईमेल:- mocpa@bagmati.gov.np वेभसाईट:- www.mocpa.bagmati.gov.np

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

# सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेशको नियमन क्षेत्रभित्र रहेका सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन-२०८२

**प्रकाशित मितिः वि.सं. २०८२/०५/१७, ने.सं. ११४५**

प्रदेश सहकारी ऐन, २०७६ को दफा २०, दफा २२ को खण्ड (छ), र दफा ७५ को उपदफा (३) एवं प्रदेश सहकारी नियमावली, २०७६ को नियम १८ को उपनियम (२) तथा नियम २८ को उपनियम (१) को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरी सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहकारी तथा गरिबी निवारण महाशाखा/रजिष्ट्रारले यो निर्देशन जारी गरेको छ।

१. बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ को दफा ६१ बमोजिम संस्थाहरुले अनिवार्य रूपमा २०८२ आश्विन मसान्त भित्र इजाजत प्राप्त लेखा परीक्षकद्वारा लेखा परीक्षण सम्पन्न गर्नुपर्नेछ। यसरी तयार भएको प्रतिवेदन साधारण सभाबाट अनुमोदन गर्नुपर्नेछ।

२. सहकारी संघ/संस्थाहरुले ऐनको दफा ६२ बमोजिम वार्षिक साधारण सभाको निर्णयबाट अन्तिम लेखापरीक्षणका लागि दुई(२) जनासम्म वैकल्पिक सहित लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गरी सात (७) दिनभित्र सो को विवरण सहितको जानकारी यस मन्त्रालयको सहकारी तथा गरिबी निवारण महाशाखा/रजिष्ट्रारलाई जानकारी पठाउनुपर्नेछ। लेखापरीक्षण प्रतिवेदन अनिवार्य रुपमा नेपाली भाषामा समेत तयार गरी साधारण सभाबाट अनुमोदन गर्नुपर्नेछ।

३. वैकल्पिक लेखापरीक्षकबाट समेत लेखा परीक्षण हुन नसक्ने अवस्था भएमा सो को जानकारी सहकारी तथा गरिबी निवारण महाशाखा/रजिष्ट्रारलाई दिई ऐनको दफा ६३ को उपदफा (५) बमोजिम गर्न पूर्व स्वीकृति लिई अर्को लेखा परीक्षक नियुक्ति गर्नुपर्नेछ र सो को जानकारी महाशाखा/रजिष्ट्रारलाई अनिवार्य रुपमा दिनुपर्नेछ।

४. प्रदेश सहकारी ऐन, २०७६ को दफा ३५ को उपदफा (२) बमोजिम संस्थाको वार्षिक साधारण सभा २०८२ पौष मसान्तभित्र अनिवार्य रुपमा सम्पन्न गरी साधारण सभा सम्पन्न भएको मितिले पन्ध्र (१५) दिन भित्र ऐनको दफा ५९ बमोजिम वार्षिक प्रतिवेदन यस मन्त्रालयको सहकारी तथा गरिबी निवारण महाशाखामा अनिवार्य पेश गरी अद्यावधिक गर्नुपर्नेछ। तोकिएको अवधि भित्र प्रतिवेदन पेश नभएमा प्रदेश सहकारी ऐन, २०७६ को दफा १०० को उपदफा (५) बमोजिमको जरिवाना लाग्ने छ ।

प्रदिप राज पौडेल
रजिष्ट्रार

५. साधारण सभाको प्रतिवेदन पेश गर्दा यस मन्त्रालयको वेबसाइट mocpa.bagamati.gov.np मा रहेको आवश्यक कागजपत्रहरु मेनु अन्तर्गत रहेको सहकारी वार्षिक विवरण अद्यावधिक गर्दा आवश्यक कागजातहरुको फाइल डाउनलोड गरी विवरण पछिसम्म फरक नपर्ने गरी भरेर सञ्चालक समितिले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

६. सहकारी संघ/संस्थाहरुले विनियम संशोधन गर्नुपरेमा सञ्चालक समितिको निर्णय र तीनमहले फाराम सहित सैद्धान्तिक स्वीकृतिका लागि रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ। रजिष्ट्रारबाट सैद्धान्तिक स्वीकृति प्राप्त भएको वा कैफियत सहित फिर्ता प्राप्त भएकोमा त्यस्तो विषय समेत समावेश गरी साधारण सभाको बहुमत निर्णय, संशोधित मस्यौदा, पुरानो विनियमको प्रतिलिपि र तीनमहले फाराम सहित रजिष्ट्रार समक्ष स्वीकृतिका लागि पुनः पेश गर्नुपर्नेछ।

७. सहकारी संघ/संस्थाले स्वीकृत विनियममा उल्लेख भएको शेयर पूँजीभन्दा बढी शेयर रकम सङ्कलन गर्न पाइनेछैन। स्वीकृत शेयर पूँजीभन्दा बढी शेयर रकम सङ्कलन गर्नुपर्दा अनिवार्य रुपमा विनियम संशोधन मार्फत शेयर पूँजीको सीमा वृद्धि गरेर मात्र गर्नुपर्नेछ।

८. सहकारी संघ/संस्थाले आफ्नो कार्यालय ठाउँसारी/स्थानान्तरण गर्नुपर्दा आफ्नो विनियममा उल्लेख भएको कार्यक्षेत्रभित्र पर्ने गरी साधारण सभाबाट अनिवार्य निर्णय गराई रजिष्ट्रारबाट अनिवार्य रुपमा पूर्व स्वीकृति लिई उपयुक्त सञ्चार माध्यम (राष्ट्रिय दैनिक पत्रिका, सामाजिक सञ्जाल, Bulk SMS लगायत) को प्रयोग गरी आफ्ना शेयर सदस्यहरुलाई जानकारी गराई कार्यालय सार्नुपर्नेछ।

९. पेशागत आधारमा गठन भई दर्ता भएका वा प्रदेश सरकारको अधिकांश शेयर स्वामित्व रहेका संस्था बाहेकका संस्थामा सरकारी कोषबाट नियमित रुपमा तलब, भत्ता, सुविधा लिने व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित हुन वा बहाल रहन सक्ने छैन। त्यस्तो पदमा बहाल रहेको भए तत्काल राजिनामा दिई यसबाट रिक्त हुने पदमा लोकतान्त्रिक प्रक्रियाबाट पूर्ति गर्नु पर्नेछ। साथै सो को जानकारी सहकारी तथा गरिबी निवारण महाशाखा/रजिष्ट्रारलाई अनिवार्य रुपमा गराउनुपर्नेछ।

१०. कानूनमा संचालक समितिले गर्नु पर्ने भनी तोकिएको काम संचालक समितिले र साधारण सभाले गर्नुपर्ने भनी तोकिएको काम साधारण सभाले नै गर्नुपर्नेछ । एकले अर्काको कार्यक्षेत्रमा हस्तक्षेप गर्नु हुँदैन।

११. एउटै संस्थामा सोही अवधिमा एकै परिवारको एकभन्दा बढी व्यक्ति सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको पदमा रहनु हुँदैन। सञ्चालक समितिका सदस्य, लेखा सुपरीवेक्षण समिति

प्रदिप राज पौडेल
रजिष्ट्रार

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

र अन्य उपसमितिहरुमा रहने सदस्यहरुले निर्वाचन भएको तीन(३) महिना भित्र सहकारी सम्बन्धी तालिम लिनुपर्नेछ ।

१२. कुनै पनि व्यक्ति कुनै एक तहको सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा सुपरीवेक्षण समितिको संयोजक पदमा दुई कार्यकालभन्दा वढी अवधिको लागि निर्वाचित हुन सक्नेछैन। कुनै पनि सदस्य एकै अवधिमा एकभन्दा वढी संस्थाको सञ्चालक वा पदाधिकारी हुन पाइने छैन।

१३. सञ्चालक समितिमा निर्वाचित हुनको लागि प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा कालोसूचीमा परेको भए फुकुवा भएको मितिले तीन (३) वर्ष पुरा भएको हुनुपर्नेछ।

१४. सञ्चालकले आफ्नो पदको दुरूपयोग गरी कुनै प्रकारको व्यक्तिगत फाइदा हुने वा संस्थालाई हानि हुने क्रियाकलापहरुमा संलग्न हुनुहुँदैन।

१५. सञ्चालक समितिले नियमनकारी निकायले माग गरेको विवरण उपलब्ध गराउनुको साथै त्यस्तो निकायले जारी गरेको मापदण्ड/निर्देशनको पूर्ण पालना गर्नु/गराउनु पर्नेछ।

१६. सञ्चालक समिति, प्रमुख कार्यकारी/प्रबन्धक/व्यवस्थापक र कर्मचारीहरुको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव, आचारसंहिता एवम् कार्यविवरण (TOR) सम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्नुपर्नेछ। कार्यकारी प्रमुख संस्था प्रमुखको रुपमा नियुक्ति हुने व्यक्तिको हकमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट मिति २०८२/०२/०९ मा जारी मापदण्ड अनुरूप हुनुपर्नेछ।

१७. सञ्चालक समितिका पदाधिकारी र कर्मचारीहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतीस(३५) दिनभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण तयार गरी संस्थामा पेश गर्नुपर्नेछ।

१८. प्रदेश सहकारी ऐन, नियमावली र सहकारी संघ/संस्थाको विनियममा व्यवस्था भए बाहेकका कुनै पनि कोष खडा गरी रकम जम्मा गर्न पाईनेछैन। यस्तो प्रकारको कुनै कोष खडा गरी रकम जम्मा गरेको भए तत्काल जगेडा कोषमा सारी त्यस्ता कोष बन्द गर्नुपर्नेछ।

१९. साधारण सभाको वैठक बस्ने कम्तीमा तीस दिन अगावै बैठकको प्रस्ताव सहित मिति, समय, स्थान तोकी सार्वजनिक सूचना जारी गर्नुपर्नेछ। यसरी सूचना जारी हुँदाका बखत कायम रहेका सदस्यहरुले मात्र निर्वाचन प्रयोजनार्थ आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन्।

प्रदिप राज पौडेल
रजिष्ट्रार

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

२०. समयमै साधारण सभा सम्पन्न गर्न नसक्ने मनासिव माफिकको कारण परेमा थप तीन महिनाभित्र साधारण सभा गर्ने गरी प्रस्तावित मिति सहित पूर्व स्वीकृतिका लागि पौष मसान्तभित्र सहकारी तथा गरिबी निवारण महाशाखा/ रजिष्ट्रार समक्ष निवेदन दिनुपर्नेछ।

२१. रजिष्ट्रारबाट स्वीकृति प्राप्त भएकोमा स्वीकृत मितिमा नै साधारण सभा सम्पन्न गरी सो को प्रतिवेदन १५ दिनभित्र सहकारी तथा गरिबी निवारण महाशाखा/रजिष्ट्रार समक्ष पेश गर्नुका साथै कोपोमिस प्रणालीमा समेत प्रविष्टि गर्नुपर्नेछ। यस बुँदामा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षको साधारण सभा अर्को आर्थिक वर्षमा गर्नेगरी स्वीकृति दिइने छैन।

२२. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, आन्तरिक र बाह्य लेखा परीक्षण प्रतिवेदन कार्यान्वयन गर्नु/गराउनु पर्नेछ।

२३. सहकारी संघसस्थाहरुले कार्यालय भवन, जग्गा, गोदामघर, शित भण्डार लगायतका अचल सम्पत्ति खरिद गर्नुपर्ने भएमा साधारण सभाको बहुमतबाट निर्णय गराई सदस्यको बचत रकम बाहेक जगेडा कोष र शेयर पूँजीको रकमबाट मात्र खरिद गर्नुपर्नेछ। यसरी खरिद गर्दा अनिवार्य रुपमा प्राथमिक पूँजीकोषको विश्लेषण गरी प्राथमिक पुँजी कोष र कुल वचत दायित्वको निर्धारित सीमाभित्र रही तत्काल कायम रहेको जगेडा कोषको पचास (५०) प्रतिशतभन्दा बढी खर्च गर्न पाईने छैन।

२४. संस्थाले हरेक वर्ष सदस्यको कारोबारको आधारमा कानून बमोजिम संरक्षित पूँजी फिर्ता कोषबाट अनिवार्य रुपमा रकम फिर्ता गर्नुपर्नेछ। संरक्षित पूँजी फिर्ता कोषको रकमलाई फिर्ता गर्दा शेयर लाभांशमा नजोडी कानून बमोजिम भिन्दाभिन्दै फिर्ता गर्नुपर्नेछ।

२५. सहकारी संघ/संस्थाले प्रदान गर्ने सेवामा लाग्ने सेवा शुल्क, ब्याज, हर्जाना, सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रक्रिया, सेवा प्राप्त गर्दा लाग्ने समय, जिम्मेवार शाखा वा कर्मचारी र सेवाका शर्तहरु लगायतका विषयहरु समावेश गरी अनिवार्य रुपमा संस्थाको वडापत्र जारी गर्नुपर्नेछ। दश करोडभन्दा वढी वार्षिक कारोवार हुने संस्थाले यस्तो विवरण आफ्नो वेबसाइटमा समेत नियमित रुपमा अद्यावधिक गरी सार्वजनिक गर्नुपर्नेछ। वेबसाइट नभएका सहकारी संस्थाहरुले फेसवुक/ट्वीटर लगायतका सामाजिक सञ्जालका माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ।

२६. सहकारी संघ/संस्थाले कर्मचारी प्रशासन, वचत संकलन, ऋण लगानी तथा असुली लगायत आवश्यक कार्यविधि संस्थाको साधारण सभाबाट स्वीकृत गराई लागू गर्नुपर्नेछ।

प्रदिप राज पौडेल
रजिष्ट्रार

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

२७. सहकारी संघ/संस्थाको तत्काल कायम रहेको प्राथमिक पूँजी कोषको १५ (पन्ध्र) प्रतिशत भन्दा बढी हुने गरी प्रति सदस्य ऋण प्रवाह गर्न पाईनेछैन। यस प्रयोजनका लागि प्राथमिक पूँजी कोष भन्नाले शेयर पूँजी र जगेडा कोषलाई सम्झनुपर्नेछ।

२८. सहकारी संघ/संस्थाले ऋणीको सम्पत्ति धितो राखी बैंक तथा वित्तीय संस्था र सहकारी बैंकबाट ऋण लिदा ऋणी सदस्यले संस्थाबाट लिन कवुल गरेको ऋण रकमभन्दा वढी ऋण लिन पाउने छैन। संस्थाको संचालक समितिको सदस्यले आफ्नो स्वामित्वको सम्पत्ति धितो राखी आफू सम्बद्ध संस्थाको संस्थागत प्रयोजनका लागि लिईने ऋणलाई यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

२९. सहकारी संघ/संस्थाहरुले तीन (३) लाख रुपैयाँ भन्दा बढीको ऋण लगानी गर्दा व्यक्तिगत/सामूहिक धन जमानी वा धितो लिएर मात्र गर्नुपर्नेछ।

३०. सहकारी संघ/संस्थाले ब्याजदर निर्धारण गर्दा सहकारी विभागले तोकेको सन्दर्भ ब्याजदर भन्दा बढी नहुनेगरी कायम गर्नुपर्नेछ। बचत र ऋणको ब्याजदर बीचको अन्तर (स्प्रेडदर) ६ प्रतिशत भन्दा बढी नहुने गरी कायम गर्नुपर्नेछ। बचत र ऋणको ब्याजदर तथा सेवा शुल्क परिवर्तन भएमा सदस्यलाई उपयुक्त माध्यमबाट यथाशीघ्र जानकारी गराउनुपर्नेछ। सदस्यलाई ऋण प्रवाह गर्दा संस्थामा रहेको निजको खातामार्फत मात्र प्रवाह गर्नुपर्नेछ।

३१. सहकारी संघ/संस्थाले प्रवाह गरेको ऋणलाई किस्ता/ब्याज भुक्तानी अवधिका आधारमा सक्रिय ऋण र निष्क्रिय ऋणको रुपमा वर्गीकरण गरी ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ। भाका ननाघेको वा भाका नाघी तीन महिना व्यतित नभएको र सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको (असल ऋणका लागि १ प्रतिशत, ३ देखि ६ महिनासम्म भाका नाघेका (कमसल) ऋणका लागि २५ प्रतिशत, ६ देखि १२ महिनासम्म भाका नाघेका (शंकास्पद) ऋणका लागि ५० प्रतिशत र १२ महिनाभन्दा बढी भाका नाघेका (खराब) ऋणका लागि १०० प्रतिशत ऋण हानि व्यवस्था (Loan Loss Provision) गर्नुपर्नेछ। उल्लिखित व्यवस्था नगरी कृत्रिम रुपमा नाफा देखाई कुनै प्रकारको लाभांश वितरण गर्न पाईनेछैन, वितरण गरिएकोमा त्यस्तो रकम सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी जगेडा कोषमा जम्मा गर्नुपर्नेछ।

३२. सहकारी संघ/संस्थाहरुले आफ्नो सम्पत्ति बिक्री तथा अन्य लगानी लगायतका पूँजीगत सम्पत्तिको बिक्रीबाट भएको पूँजीगत नाफालाई जगेडा कोषमा नराखी सम्बन्धित आ.व.को

प्रदिप राज पौडेल
रजिष्ट्रार

नाफामा समावेश गरी वितरण खर्च गरेको पाइएमा सञ्चालक समिति र खाता संचालन गर्ने अधिकारीबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा जम्मा गर्नुपर्नेछ।

३३. सहकारी संघ/संस्थाहरुले सबै समयमा तरलता (Liquidity) कुल बचतको कम्तीमा १५ प्रतिशत कायम राखुपर्नेछ। सहकारी संघ/संस्थाहरुले नियमित रुपमा तरलताको गणना गरी १५ प्रतिशत भन्दा कम तरलता रहेको अवस्थामा तत्काल सञ्चालक समितिको बैठकबाट तरलता व्यवस्थापनको उचित प्रबन्ध गर्नुपर्नेछ। तोकिए बमोजिमको तरलता व्यवस्था नगरी संस्थाले लाभांश वितरण गर्नुहुँदैन, गरेमा सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा दाखिला गर्नुपर्नेछ।

३४. सहकारी संघ/संस्थाले आफ्नो कार्यबोझ विश्लेषणको आधारमा साधारण सभाबाट कर्मचारीको दरबन्दी र कर्मचारी सम्बन्धी कार्यविधि स्वीकृत गरी कर्मचारी पदपूर्तिको व्यवस्था मिलाउनुपर्नेछ। स्वीकृत दरवन्दी बिना कर्मचारी राख्न पाइने छैन। स्वीकृत दरबन्दीभन्दा वढी कर्मचारी भर्ना गरी तलब भत्ता भुक्तानी गरेको पाइएमा त्यसरी भुक्तानी गरेको सम्पूर्ण रकम सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुलउपर गरी संस्थाको खातामा दाखिला गर्नुपर्नेछ। कर्मचारीको तलब/भत्ता भुक्तानी गर्दा अनिवार्य रुपमा बैङ्किङ प्रणालीमार्फत गर्नुपर्नेछ।

३५. सहकारी संघ/संस्थाले तोकिए बमोजिमको ढाँचामा प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र सञ्चालक समिति, लेखा सुपरीवक्षण समिति, उपसमितिका बैठकहरुको छुट्टाछुट्टै कारबाही किताब, नगदी वही, सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था, संघ वा निकायसँग कुनै कारोबार गरेको भए त्यस्तो कारोबार देखाउने दर्ता किताब, शेयर दर्ता किताब, मालसामानको मौज्दात (स्टक) दर्ता किताब, ऋण लेनदेन दर्ता किताब, बेरुजु एवं सम्परीक्षण खाता, आम्दानी खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू, हिसाव परीक्षण सूची, आय-व्यय र स्थिति विवरण पत्र, समय समयमा रजिष्ट्रारले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू तयार गरी राख्नुपर्नेछ।

३६. सहकारी संघ/संस्थाहरुले वित्तीय कारोबार, सदस्यको विवरण, साधारण सभा, लेखा परीक्षण सम्वन्धी विवरण, मासिक, चैमासिक र वार्षिक विवरण तथा अन्य प्रतिवेदनहरु विभागमा रहेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS www.copomis.gov.np) मार्फत् प्रतिवेदन गर्नुपर्नेछ साथै नियामक निकायमा सो को प्रति प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

प्रदिप राज पौडेल
रजिष्ट्रार

३७. वित्तीय कारोवार गर्ने सहकारी संघ/संस्थाले प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, नियमावली र निर्देशनमा भएका व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ। वित्तीय कारोवार गर्ने संस्था/संघले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राखु पर्नेछ।

३८. वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रुपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तीय कारोवार गर्ने सहकारी संस्था र संघले संचालक समितिको निर्णय वमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ। सम्पति शुद्धीकरण, आतङ्ककारी कार्य वा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्वन्धमा सदस्यहरुको पहिचान गरी सदस्य पहिचान फाराम (KYM) भराउनुपर्नेछ।

३९. सहकारी संघ/संस्थाले अनिवार्य रुपमा नेपाल राष्ट्र बैंकमा रहेको वित्तीय जानकारी इकाइको goAML Software System मा आवद्ध भई सीमा कारोवार प्रतिवेदन (TTR), शंकास्पद कारोवार प्रतिवेदन (STR) र शंकास्पद गतिविधि प्रतिवेदन (SAR) पठाउनु पर्नेछ।

४०. सहकारी संघ/संस्थाले संस्थागत जोखिमको पहिचान तथा मूल्यांकन गरी सो को प्रतिवेदन महाशाखा/रजिष्ट्रार समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

४१. सफ्टवेयर प्रयोग गर्ने सहकारी संघ/संस्थाले आफ्ना काम कारवाही र कारोवार सम्वन्धी विवरण तया अभिलेखहरु अद्यावधिक गरी सफ्टवेयरमा सुरक्षित साथ राखुपर्नेछ। त्यस्तो विवरण नियमित रुपमा कोपोमिस प्रणालीमा समेत प्रतिवेदन गर्नुपर्नेछ। सफ्टवेयर प्रणाली सञ्चालन गर्दा सोको Database, Security साथै प्रयोगकर्ता सहितको विवरणको अनिवार्य रुपमा महाशाखा/रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ।

४२. सहकारी संघ/संस्थाले सहकारीका मूल्य, मान्यता, सिद्धान्तको पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ।

४३. सहकारी संघ/संस्थाको सदस्यता सम्वन्धी व्यवस्था प्रदेश सहकारी ऐन, २०७६ को दफा २६ वमोजिम हुनुपर्नेछ।

४४. सहकारी संघ/संस्थाले वासलात वाहिरको कारोबार (जस्तै- प्रतीतपत्र, जमानत आदि) गर्न, अधिकविकर्ष (Overdraft) ऋण दिन, व्यापार/व्यवसाय गर्ने नियतले मालसामानहरु खरिद

प्रदिप राज पौडेल
रजिष्ट्रार

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

बिक्री गर्न, व्यापारिक प्रयोजनको लागि चल-अचल सम्पत्ति खरिद गर्न, सुन चाँदिको धितोमा ऋण प्रवाह गर्न, विदेशी मुद्राको कारोबार गर्न, चिट्ठा वा उपहार योजनाहरु सञ्चालन गर्नुहुँदैन।

४५. सहकारी संघ/संस्थाले निश्चित रकमभन्दा माथिको ऋणको धितो मूल्याङ्कन गर्दा अनिवार्य रुपमा सूचीकृत धितो मूल्याङ्कनकर्ताबाट गराउनुपर्नेछ। धितो मूल्याङ्कन सम्बन्धमा शुल्क तथा मापदण्ड लगायतका विषयहरु समावेश गरी कार्यविधि बनाई लागू गर्नुपर्नेछ।

४६. लगातार दुई (२) वर्षदेखि लेखापरीक्षण नगराउने र वार्षिक साधारण सभा नगर्ने र सम्वन्धित निकायमा समेत नियमित रुपमा विवरण नबुझाउने सहकारी संघ/संस्थाहरुलाई निष्क्रिय सहकारी संघ/संस्था मानी सो को विवरण महाशाखा/रजिष्ट्रारले सार्वजनिक गर्न सक्नेछ।

४७. सहकारी संघ/संस्थाले अचल सम्पत्ति खरिद वा बिक्री गर्दा साधारण सभाको निर्णय, निर्धारित खरिद बिक्री प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरुको गुनासो नआउने गरी पारदर्शिताको प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

४८. सहकारी संघ/संस्थाले सार्वजनिक रुपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर बिक्री, बचत सङ्कलन र ऋण प्रवाह गर्न पाउने छैन। यस प्रतिकूल हुनेगरी विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

४९. समस्याग्रस्त घोषित सहकारी संघ/संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्वन्धी कार्यको राफसाफ गर्न सम्बन्धित संस्थाले प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयलाई आवश्यक सहयोग गर्नुपर्नेछ।

५०. सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, बागमती प्रदेश सहकारी तथा गरिबी निवारण महाशाखा/रजिष्ट्रार र नेपाल राष्ट्र बैंकबाट विभिन्न मितिमा जारी गरिएको मापदण्ड तथा निर्देशनको कार्यान्वयन एवम् पालना पूर्ण रुपमा गर्नुपर्नेछ।

२०८२/०५/१६

प्रदिप राज पौडेल
रजिष्ट्रार

..........................
(प्रदिप राज पौडेल)
महाशाखा प्रमुख/रजिष्ट्रार
सहकारी तथा गरिबी निवारण महाशाखा